# गोरखापत्र संस्थान
धर्मपथ, काठमाडौँ

## ३४ (चौंतीस) थान A.C. (Air Conditioner) खरिद गर्नेबारेको

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सिलबन्दी बोलपत्र सूचना नं. ०६/०७६/०७७**

**(प्रथमपटक प्रकाशित मितिः २०७६/११/०४)**

यस संस्थानलाई सिलबन्दी बोलपत्र फाराममा उल्लेख गरिएको स्पेशिफिकेशनअनुसारको ३४ (चौंतीस) थान A.C. (Air Conditioner) आवश्यक परेकोले सो सामान संस्थानको केन्द्रीय कार्यालय धर्मपथ काठमाडौँ र प्रदेशस्तरीय प्रकाशन कार्यालय विराटनगरमा डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिष्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी बोलपत्र पेस गर्नको लागि संस्थानबाट बिक्री हुने बोलपत्र फाराम रु.३,०००/- (तीन हजार) फिर्ता नहुने गरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्र पेस गर्दा खामबाहिर गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ र ३४ (चौंतीस) थान A.C. (Air Conditioner) सप्लाईसम्बन्धी कार्यको बोलपत्र भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ।

३. बोलपत्रदाताले मिति २०७६/१२/०४ गते अपराह्न १२:०० बजेभित्र सिलबन्दी बोलपत्र यस संस्थानमा बुझाउनु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिने छैन।

४. इजाजतप्राप्त सप्लायर्स र फर्महरूले सामान उत्पादन गर्ने कम्पनी र ब्राण्डसमेत उल्लेख गर्नुपर्नेछ।

५. बोलपत्रमा कबोल गरेको रकम (भ्याटबाहेक) भनी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्रदाताले बोलपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनु पर्नेछ। साथै आ.व.०७५/०७६ सम्मको करचुक्ताको प्रमाणपत्रसमेत पेस गर्नुपर्नेछ।

७. सिलबन्दी बोलपत्रसाथ संस्थानले माग गरेको धरौटी रकम (बिडबण्ड) बापतको रकम रु.७०,०००/- (सत्तरी हजार रुपैयाँ मात्र) संस्थानको नेपाल बैंक लिमिटेड, काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा वाणिज्य बैंकहरूको जमानतपत्र बोलपत्रसाथ पेस गर्नुपर्नेछ। बैंक जमानत पत्र (बिड सेक्युरिटी) को समयावधि कम्तीमा बोलपत्र खोलेको मितिबाट १२० दिनको हुनुपर्नेछ।

८. प्राप्त बोलपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७६/१२/०४ गते दिउँसो २:०० बजे संस्थानको बैठक कक्षमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। उपस्थित प्रतिनिधि अख्तियारनामासहित उपस्थित हुनुपर्नेछ।

९. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ।

१०. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ। उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ।

११. बोलपत्र स्वीकृत भई बोलपत्रदाताले दिएको सामानहरू संस्थानले माग गरेको स्पेसिफिकेशनअनुसारको नभएमा सो सामान संस्थानले बोलपत्रदातालाई फिर्ता गर्न सक्नेछ।

१२. स्वीकृत बोलपत्रदाताले सम्झौता भइसकेपछि कबुलियतबमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ। यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे-जति बढी पर्दछ सो बढी रकम बोलपत्रदातासँग असुलउपर गरिनेछ।

१३. बोलपत्रदाताले यस संस्थानबाट बिक्री गरेको बोलपत्र फाराममा मूल्यसूची, बोलपत्र जमानत, कार्य सम्पन्न आपूर्ति समयतालिका प्रष्टसँग उल्लेख गर्नुपर्नेछ।

१४. यस सूचनामा नपरेका अन्य विषय नेपाल सरकारको प्रचलित ऐन नियमबमोजिम हुनेछ।

## सिलबन्दी बोलपत्रको विवरण

| S. N. | Description | Capacity | Quantity | Bid Security Amount | Tender Form Amount |
|---|---|---|---|---|---|
| 1. | Wall Mounted Split Type Air Conditioning Units | 1 TR | 7 | Rs.70,000/- (Seventy Thousand) | Rs.3,000/- (Three Thousand) |
| 2. | Wall Mounted Split Type Air Conditioning Units | 1.5 TR | 17 | | |
| 3. | Wall Mounted Split Type Air Conditioning Units | 2 TR | 10 | | |

**नोट**: यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatraonline.com मा पनि हेर्न सकिनेछ।

**खरिद शाखा, फोन नं: ४-२४४४३७**